बागमती प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# प्रदेश सुशासन केन्द्र

ललितपुर, नेपाल

## चमेनागृह सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशन मिति : २०८१।०६।०७**

यस केन्द्रको परिसरमा संचालन हुने विभिन्न तालिम, गोष्ठी तथा सेमिनारहरुमा भाग लिंन आउने सहभागी तथा केन्द्रका कर्मचारीहरुको लागि तपसिल बमोजिमको शर्तको अधिनमा रही खाजा/खाना उपलब्ध गराउने गरी चमेनागृह सञ्चालन गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म/कम्पनीले खाजा/खानाको परिकार र इकाई अनुसारको वस्तु तथा सेवाको विवरण सहित सिलबन्दी दरभाउपत्र खामबन्दी गरी पेश गर्नहुन आहवान गरिन्छ ।

**तपसिल**

१. सामान्यतया चमेनागृह विहान ७:०० बजे देखि बेलुका ६:०० बजेसम्म सञ्चालन गर्नुपर्नेछ । चमेनागृह सञ्चालन सम्झौताको अवधि दुई वर्षको हुनेछ ।

२. सिलबन्दी दरभाउपत्रदाताले प्रदेश लेखा इकाई कार्यालय ललितपुरको नाममा नेपाल बैंक लिमिटेडको धरौटी खाता नं. ०१८०२००००००२००३००००००१ (कार्यालय कोड नं. ३०१००३४०३३) मा रु ५०,०००।००( पचास हजार) धरौटी वापत जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी दररेटसाथ फर्म दर्ता प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, मूल्य अभिवृदि कर दर्ता प्रमाणपत्र र आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्ने छ ।

४. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात रु.१०००।(एक हजार मात्र) प्रदेश सुशासन केन्द्रको नाममा नेपाल बैंक लिमिटेड, जावलाखेल रहेको खाता नं. २७२०२००००००१००१००००००१ कार्यालय कोड ३०१००३४०३३ राजस्व शिर्षक १४२२९ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गरी केन्द्रबाट मिति २०८१।०६।२१ गते कार्यालय समयभित्र प्रास गर्न सकिनेछ ।

५. सिलबन्दी दरभाउपत्र मिति २०८१।०६।२२ गते १२:०० बजे भित्र पेश गर्न सकिनेछ । उक्त म्याद पछि पेश भएका दरभाउपत्र मान्य हुने छैनन् ।म्यादभित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु मिति २०८१।०६।२२ गते दिउँसो २:०० बजे खोलिनेछ ।

६. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय खुल्ने दिनमा खरिद गर्न वा बुझाउन सकिनेछ ।

७. केन्द्रले खरिद प्रक्रिया कुनै कारण नखुलाई जुनसुकै वेला रद्द गर्न सक्नेछ ।

८. यस सम्वन्धी विस्तृत कार्य विवरण तथा सर्तहरु केन्द्रको बेवसाईट https://pcgg.bagamati.gov.np मा समेत हेर्न सकिन्छ ।